# जानकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदुरपश्चिम-प्रदेश, नेपाल।

**साना सिंचाई निर्माण तथा मर्मत संभार कार्यक्रममा सहभागी हुन इच्छापत्र पेश गर्ने बारेको सूचना !**

सूचना नं.:-०८/२०८०/८१

(सूचना प्रकाशित मितिः २०८०/१०/२४)

ने.स. ११४४ पोहेलागा, १२ बुधवार

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, दुर्गौली, कैलाली लाई प्रदेश सरकारबाट हस्तान्तरित साना सिंचाई निर्माण तथा मर्मत संभार कार्यक्रममा ईच्छुक कृषक, कृषक समूह, कृषि उद्यमी र कृषि सहकारी संस्थाहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात् (मिति २०८०/११/१५ गते भित्र) यस जानकी गाउँपालिकाको कार्यालय कृषि विकास शाखा, दुर्गौली, कैलालीमा तोकिएको ढाँचा अनुसार ईच्छापत्र दर्ता गर्नुहुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै म्याद नाघि आएका र रित नपुगेका निवेदन माथि कुनै पनि कारवाहि नगरिने ब्यहोरा अनुरोध छ ।

१. कार्यक्रम संचालन हुने क्षेत्र :- जानकी गाउँपालिका, कैलाली ।
२. सहयोग अनुदान :- बोरिङ्ग जडान सामाग्री सेटमा निजि कृषक र कृषि उद्यमीको हकमा ५०% तथा कृषक समुह र सहकारीको हकमा ८५ % अनुदान ।
३. सिंचाई सेवा पुग्ने क्षेत्रफल : न्यूनतम १ हेक्टर ।

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :</u>

१. कृषक समूह, कृषि उद्यमी र कृषि सहकारी संस्थाहरुको हकमा दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
२. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
३. कार्य समितिको निर्णयको प्रतिलिपि ।
४. आ.व. २०८०/०८१ को तिरो सहित लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए ५ बर्षको करारनामा सम्झौतापत्रको प्रतिलिपि ।

विस्तृत जानकारीको लागि जानकी गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, दुर्गौली, कैलाली र कृषि सूचना अधिकारी श्री टोप वहादुर बिष्ट सम्पर्क नं ९८४८५५३७६५ मा सम्पर्क गर्न सकिनेछ ।

..............................
लालविर चौधरी
कृषि विकास शाखा प्रमुख

..............................
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ✆ ०९१-५०००७६,०९१-५०००७७,०९१-५०००७८, email: janakiruralmun@gmail.com
Website: janakimunkailali.gov.np